प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल

# साझेदारीमा नमूना गाईपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

प्रस्तावनाः परम्परागत शैलीको गाई गोठलाई सुधार गरी आधुनिक गोठ बनाउन जोड दिदै नमूना गाईपालन कार्यक्रम सञ्चालन मार्फत यस पेशाको व्यावसायीकरण गरी पशुजन्य उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने, खेतबारीका लागि उपयोगी प्राङ्गारिक मलको उत्पादन गर्नुका साथै कृषकहरुलाई यस पेशामा थप आकर्षित गर्ने उदेश्यले गाईपालन पद्धतीलाई व्यवस्थित, सरल, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नम्बर तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले **"साझेदारीमा नमूना गाईपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"** बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **"साझेदारीमा नमूना गाईपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले साझेदारीमा नमूना गाईपालन कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई प्रस्ताव पेश गर्ने दूग्ध सहकारी/ नीजि व्यावसायी सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको नमूना गाईपालन कार्यक्रम सम्वन्धी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(च) **"प्रस्ताव"** भन्नाले आवेदक संस्थाले आवेदन साथ पेश गरेको व्यावसायीक कार्ययोजना सम्झनु पर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) **"साझेदार"** भन्नाले कार्यक्रम कार्यान्वयनका लागि छनौट भई निर्देशनालयसँग द्विपक्षीय सम्झौता गर्ने दूग्ध सहकारी/ नीजि व्यावसायी सम्झनु पर्छ ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय वमोजिम हुनेछः-

(क) आधुनिक शैलीको प्रविधियुक्त गोठ निर्माण गर्ने,

(ख) नमूना गाईपालनबाट गुणस्तरीय दुधको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

(ग) कृषकको आयस्तरमा वृद्धि गर्ने,

(घ) प्राङ्गारिक कृषि उत्पादनलाई प्रवर्द्धन गर्ने,

(ङ) रोजगारी श्रृजना गर्ने ।

मा. दावा दोर्जे लामा
मन्त्री

## परिच्छेद -२

## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको बरिष्ठतम् अधिकृत, निर्देशनालय | सयोजक |
| अधिकृत प्रतिनिधी, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| कानुन अधिकृत (सम्भव भएसम्म) | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा. निर्देशनालय | सदस्य |
| प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

**नोटः** समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकता अनुसार गर्न सक्ने छन् ।

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन प्रकृया

६. **कार्यक्रम सञ्चालनः**

| क्र.सं. | कार्यक्रमको नाम | लागू गरिने जिल्ला | अनुदानको किसिम | साझेदार संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १. | साझेदारीमा नमूना गाई पालन कार्यक्रम | चितवन, रामेछाप, सिन्धुली, काठमाडौं | बढिमा ५० लाख वा लागतको ५० प्रतिशत | दुग्ध सहकारी/ निजि क्षेत्र | |

७. अनुदान रकम र कम्तीमा ५० प्रतिशत स्वलगानीमा सञ्चालन गर्न सकिने कृयाकलापहरुः

| क्र.सं. | कृयाकलाप |
|---|---|
| १ | आधुनिक प्रविधियुक्त गोठ निर्माण |
| २ | घाँसखेती/ आहारा व्यवस्थापन (आहारा बनाउने मेशिन सहित) |
| ३ | मिल्किङ मेशिन/ पार्लर |
| ४ | दुहुनो उन्नत गाई खरिद (बढिमा ५ वटा) |
| ५ | जैविक सुरक्षा व्यवस्थापन |

**नोटः** आगामी आर्थिक वर्षमा अन्य जिल्लाहरुमा पनि थप गर्दै लगिने छ ।

८. **प्रस्ताव आव्हानः** मन्त्रालयले यस कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदक संस्थालाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको म्याद राखी अनुसूची -१ बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ । माग अनुसारको प्रस्ताव नपरेमा मन्त्रालयले पूनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

९. **प्रस्ताव दर्ता:** साझेदारी गर्न ईच्छुक आवेदक संस्थाले दफा ८ बमोजिमको समय अवधीभित्र अनुसूची -२ बमोजिमको आवेदन पत्र, अनुसूची -३ बमोजिमको प्रतिवद्धता-पत्र, अनुसूची -४ बमोजिमको सिफारिस पत्र, अनुसूची -५ बमोजिमको व्यवसायिक कार्ययोजना निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा पेश गर्नु पर्नेछ ।

१०. **आवेदक संस्थाको छनौट:** छनौटको प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले स्थलगत प्रमाणिकरणको प्रतिवेदन र अनुसुचि-७ बमोजिमको मूल्याङ्कनका आधारहरूमा आवेदक संस्थाको छनौट गरी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(ख) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा ३५ दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ ।

(ग) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

११. **आवेदकलाई जानकारी:** छनौट भएको आवेदक संस्थालाई निर्देशनालयले निर्णय भएको मितिले ७ दिन भित्र जानकारी दिनु पर्नेछ ।

१२. **सम्झौता:** (१) प्रस्ताव स्वीकृत भएका आवेदक संस्थाले जानकारी प्राप्त गरेको १५ दिन भित्र अनुसूची -८ बमोजिम निर्देशनालयसँग सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ ।

## परिच्छेद -४

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१३. साझेदारीमा नमूना गाईपालन कार्यक्रम सञ्चालन गर्न आवेदक संस्थाद्वारा पेश भएको कार्ययोजना र आवश्यक न्यूनतम मापदण्डहरु समेटिने गरी सम्झौतामा उल्लेख गर्नु पर्नेछ र सोहि बमोजिम लागत साझेदारीमा कार्य सम्पन्न गरीने छ ।

१४. अनुदान रकमको १ प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी निर्देशनालय/ कार्यालयले साझेदार संस्थाको बैंक खातामा रकम उपलब्ध गराउने छ ।

१५. साझेदार संस्थाले ब्यहोर्नु पर्ने रकम अन्य कुनै संघ/ संस्था/ स्थानीय तह/ निकायबाट आम्शिक वा पुरै ब्यवस्था गर्न सक्नेछ ।

१६. सम्बन्धित साझेदार संस्थाले आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारका कार्य सम्पन्न गरी विल/विजक, दाखिला रिपोर्ट, प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन, विल तथा अन्य आवश्यक कागजातहरु सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात यस निर्देशनालय/ कार्यालयले स्थलगत निरिक्षण गरी मनासिब भएमा १५ दिन भित्रमा भुक्तानी दिनेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

१७. अनुदान रकमको दुरुपयोग गरेमा तथा सम्झौता बमोजिम कार्य नगरेमा, प्रचलित ऐन/ नियम बमोजिम सरकारी बाँकी/ बक्यौता सरह असुल उपर गरिने छ ।

## परिच्छेद -५
## मापदण्ड

१८. आवेदक संस्थाले पालना गर्नुपर्ने विषयहरुः (१) आवेदक संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड पालना गरेको हुनु पर्नेछः-

(क) लागत साझेदारीमा नमूना गाईपालन कार्यक्रम सञ्चालन गर्न आवेदक संस्था प्रतिवद्ध हुनु पर्नेछ ।

(ख) आफ्नै स्वामित्वमा जग्गा भएका आवेदक संस्थालाई प्राथमिकता दिईने छ । सो नभएमा आवेदक संस्थाको लगानीकर्ता वा निजीले जग्गा कम्तीमा १० वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ ।

(ग) पूर्वाधार (बाटो, पानी, बिजुली), व्यवसायको सम्भाव्यताको आधार अध्ययन गरेर छनौट प्रकृयामा आवेदकलाई प्राथमिकता दिनु पर्नेछ ।

(घ) आवेदकले अन्य कुनै व्यावसाय सञ्चालन गरिरहेको भए सो व्यवसायको अवस्था र व्यवसाय परिसरको फोटो प्रस्तावमा संलग्न गर्नु पर्नेछ ।

(ङ) आवेदक संस्थाले कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने अन्य प्रचलित ऐन/ नियम पालन गरेको हुनु पर्नेछ ।

(च) आवेदक संस्थाले अन्य ठाँउमा यस्ता खालका कार्यक्रम संचालन गरेको भए उल्लेख गर्नु पर्नेछ ।

(छ) साझेदार संस्थाले प्रस्तावको साथमा अनुसूची-५ बमोजिमको व्यवसाहिक कार्ययोजना पेश गर्नु पर्नेछ ।

(ज) साझेदारीमा नमूना गाईपालन कार्यक्रम गर्न ईच्छुक आवेदक संस्थाले अनुसूची -६ बमोजिमको मापदण्ड पालना गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी निर्देशनालयबाट स्वीकृत गराई लागू गर्न सक्नेछ ।

## परिच्छेद -६
## विविध

१९. प्रगति प्रतिवेदनः (१) साझेदार संस्थाले चौमासिक रुपमा कार्य सम्पादन भएको एक वर्षसम्म प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरि कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ ।



मा. दावा दोर्जे लामा
मन्त्री

२०. **<u>कार्यक्रमको प्रभावकारीता:</u>** कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै एउटै काममा दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. **<u>संशोधन र खारेज:</u>** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन र खारेज गर्न सक्नेछ ।

२२. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलीत कानून बमोजीम हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

## अनुसूची -१
(दफा ८ सँग सम्बन्धित)

**प्रस्ताव आह्वानको सूचना**

आर्थिक वर्ष ... ... ... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा नमूना गाईपालन कार्यक्रम रहेकोले कार्यान्वयनमा सहभागी हुन इच्छुक साझेदार संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरीएको छ । सूचना प्रकाशित मितिले ३० दिनभित्र तपसिल अनुसारका कागजातहरु संलग्न गरी निर्देशनालय वा कार्यालयलमा तोकिएको ढाँचा (कार्यविधिको अनुसूची -२) मा आवेदन-पत्र पेश गर्नु हुन सूचित गरीन्छ । साथै रित नपुगी दर्ता भएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरीने छैन ।

**रुपैयाँ दशको हुलाक टिकट टाँस गरेको आवेदन-पत्र साथ संलग्न गर्नु पर्ने कागजात:**

१. साझेदार संस्थासँग रहेको गाईको संख्या,
२. भौतिक पूर्वाधार(सडक, सञ्चार, सिंचाई, पानी र विजुली)को अवस्था खुल्ने कागजात,
३. जग्गाको स्वामित्व(नीजि/सेयर होल्डर/भाडामा) देखिने कागजात,
४. तालिम, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,
५. गोठ निर्माण गरीएको/गरीने जग्गाको क्षेत्रफल(रोपनी),
६. दुग्ध सहकारी/ नीजि क्षेत्र दर्ता प्रमाण-पत्र,
७. व्यवसायिक कार्ययोजना,
८. घाँस/ आहारा विस्तार गरीने जग्गाको क्षेत्रफल
९. गोठ तथा घाँस/आहारा विस्तार गरीने जग्गाको हालको अवस्था खुल्ने फोटो

**नोट:** कार्यक्रम सम्बन्धी विस्तृत विवरण मत्रालयको सूचना पाटी र वेवसाईट http://molmac.p3.gov.np वा निर्देशनालयको सूचना पाटी र वेवसाईट http://dolfd.p3.gov.np मा हेर्न सकिने छ ।

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -२
(दफा ९ सँग सम्बन्धित)
आवेदन-पत्र

मितिः ... ... ... ... ...

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा मकवानपुर ।
मार्फत, श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, ... ... ...

विषयः- अनुदान सहयोग उपलब्ध गराई पाऊँ ।

महोदय,

भमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट मिति ... ... ... ... गतेको ... ... ... ... पत्रिकामा प्रकाशित सूचना अनुसार साझेदारीमा नमूना गाईपालन कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वान गरिए बमोजिम उक्त कार्यक्रममा सहभागी हुन निम्नानुसार कागजात राखी यो प्रस्ताव पेश गरिएको छ । अनुदान र स्वलगानी रकमले शर्त अनुसारका कार्यहरु सम्बन्धित जिल्लाभित्रै रही गरिने ब्यहोरा अनुरोध छ ।

संलग्न कागजातहरुः

१. गाईको संख्या,
२. भौतिक पूर्वाधारको अवस्था खुल्ने कागजात,
३. जग्गाको स्वामित्व(निजी/सेयर होल्डर/भाडामा) देखिने कागजात,
४. तालिम, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपीहरु,
५. गोठ निर्माण गरिएको/गरिने जग्गाको क्षेत्रफल(रोपनी),
६. संस्था दर्ता प्रमाण-पत्र,
७. व्यवसायिक कार्ययोजना,
८. घाँस/ आहारा विस्तार गरिने जग्गाको क्षेत्रफल,
९. गोठ तथा घाँस/ आहारा विस्तार गरिने जग्गाको हालको अवस्था खुल्ने फोटो ।

जिम्मेवार पदाधिकारीको

हस्ताक्षरः
मितिः
नामथरः
पदः
संस्थाको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -३
(दफा ९ सँग सम्बन्धित)
लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र

मितिः

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा मकवानपुर ।

विषयः लागत साझेदारी गर्ने प्रतिवद्धता सम्बन्धमा ।

महोदय,

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मिति ........ गते ........ राष्ट्रिय पत्रिकामा दुग्ध सहकारी/ निजि संस्थासँगको लागत साझेदारीमा नमूना गाईपालन कार्यक्रम सञ्चालन सम्वन्धी प्रस्ताव आह्वान गरिए अनुसार हाम्रो दुग्ध सहकारी/ निजि संस्थाले कार्यक्रम कार्यान्वयनका लागि कुल रु. ... ... ... ... लागत प्रस्ताव गरेको छ । तहाँबाट एक प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी प्राप्त हुने अनुदान रकम रु. ... ... ... (अक्षरुपी रुपैंयाँ ... ... ... ... ... ... ... ... ... ... ... ...) मा नपुग रकम हाम्रो संस्थाकै आन्तरिक श्रोतबाट व्यहोर्ने सञ्चालक समितिको निर्णय भएको हुँदा लागत साझेदारी गर्ने प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौं ।

जिम्मेवार पदाधिकारीको

हस्ताक्षरः
मितिः
नामथरः
पदः
संस्थाको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची -४

(दफा ९ सँग सम्बन्धित)

## कार्यालयको सिफारिस-पत्र

प्रदेश सरकार, प्रदेश नं. ३ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको मिति ............... को राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार जिल्ला ........................ गाउँपालिका/ नगरपालिका .................. वडा ........................ सञ्चालित दुग्ध सहकारी/ निजी संस्थाले साझेदारीमा नमूना गाईपालन कार्यक्रमको लागि तहाँ केन्द्रमा सिफारिसका लागी निवेदन दिनु भएको छ । उक्त निवेदन उपर कारवाही हुँदा निवेदक दुग्ध सहकारी/ निजी संस्थाले प्रस्ताव गरे अनुसारको पशुपालन तथा गोठ निर्माण/ सुधार गर्नु पर्ने रकमको व्यवस्था गर्न समेत सक्षम रहेको र हालसम्म कुनै निकायबाट अनुदान रकम नलिएको हुँदा नियमानुसार साझेदारीमा नमूना गाईपालन कार्यक्रममा सहभागी गराउनु हुन सिफारिस सहित अनुरोध छ ।

क. पशुपालन तथा गोठ निर्माण गर्ने क्षेत्रफल सम्बन्धी विवरणः

| क.सं. | पशुको किसिम | माउ गाई | कोरेली बाच्छी | बाच्छा /वाच्छी |
|---|---|---|---|---|
| क. | संख्या | | | |
| ख. | विमा गरिएका पशु संख्या | | | |
| ग. | गोठ निर्माण स्थलको क्षेत्रफल -हेक्टर_ | | | |

कार्यालय प्रमुख

नामः

पदः

दस्तखतः

कार्यालयको छापः

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -५
(दफा ९ सँग सम्बन्धित)
<u>व्यवसायीक कार्ययोजना</u>

| | | | | |
|---|---|---|---|---|
| क) प्राविधिक प्रस्तावः | | | | |
| १ | प्रस्तावित कार्यक्रमको नाम | | | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | | | |
| ३ | आवदेकको नाम | | | |
| ४ | आवदेकको ठेगाना | | | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोवाइल नं. | | | |
| ६ | आवेदकको ईमेल तथा वेवसाईट | | | |
| ७ | संस्था दर्ता नम्बर | | | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | | | |
| ९ | आवेदक संस्था दर्ता वा स्थापना पश्चातको अवधी (वर्षमा) | | | |
| १० | भ्याट/पान दर्ता नम्बर | | | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | | | |
| १२ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | | | |
| १३ | माग गरेको अनुदान रकम रु. | | | |
| १४ | पशुको संख्या | | | |
| १५ | जैविक सुरक्षाको अवस्था | | | |
| १६ | बिमा गरिएको पशुको संख्या | | | |
| १७ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | | | |
| १७.१ | | | | |
| १७.२ | | | | |
| १७.३ | | | | |
| १८ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | | | |
| १८.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १८.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १८.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| १८.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा/सेयर होल्डर/प्रोपराइटर) | |
| १९ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | | | |

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| २० | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पुरुष | महिला | दलित | जनजाती | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| २१ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरणः |
|---|---|
| २१.१ | |
| २१.२ | |
| २१.३ | |

**२२ कृयाकलाप कार्यान्वयन योजनाः**

| २२ | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२.१ | | | | | | | | | | | | | |
| २२.२ | | | | | | | | | | | | | |
| २२.३ | | | | | | | | | | | | | |
| २२.४ | | | | | | | | | | | | | |
| २२.५ | | | | | | | | | | | | | |

**२३ कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने):**

| २३ | अपेक्षित उपलब्धिहरु | परिमाण |
|---|---|---|
| २३.१ | | |
| २३.२ | | |
| २३.३ | | |
| २३.४ | | |
| २३.५ | | |

**२४ प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउनेः**

| २४ | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | साझेदारी हुने रकम रु. |
|---|---|---|
| २४.१ | | |
| २४.२ | | |
| २४.३ | | |
| २४.४ | | |
| २४.५ | | |
| २४.६ | | |

| २५ | प्रस्तावकले बिगत वर्षमा सम्पन्न गरेका सोही ठाँउमा वा अन्यत्र उल्लेखनीय कार्यहरु (प्रस्तावित कार्यक्रमसँग मेलखाने मात्र): |
|---|---|
| २५.१ | |



मा. दावा दोर्जे लामा
मन्त्री

| | | | |
|---|---|---|---|
| २५.२ | | | |
| २६ | उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी रकम रु. | | |
| २७ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने | | |
| | अनुभव तथा तालिमहरु | | अवधी |
| २७.१ | | | |
| २७.२ | | | |
| २७.३ | | | |
| २७.४ | | | |
| २७.५ | | | |
| २८ | प्रस्तावित जनशक्ति विवरणः | | |
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालीमको नाम र अवधी |
| २८.१ | | | |
| २८.२ | | | |
| २८.३ | | | |
| २८.४ | | | |
| २८.५ | | | |
| २९ | प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असरहरुः | | |
| २९.१ | | | |
| २९.२ | | | |
| २९.३ | | | |
| २९.४ | | | |
| २९.५ | | | |
| ३० | वातावरणिय असर न्यूनिकरणको लागी अपनाईने उपायहरुः | | |
| ३०.१ | | | |
| ३०.२ | | | |
| ३०.३ | | | |
| ३०.४ | | | |
| ३०.५ | | | |
| ३१ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्याः | | |
| ३२ | नँया सोच केहि भए उल्लेख गर्नुहोस् | | |

मा. दावा दोर्जे लामा
मन्त्री

(ख) आर्थिक प्रस्तावः

प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क्र. सं. | मुख्य मुख्य कृयाकलापहरु | ईकाई | परिमाण | दर | कुल लागत | प्रस्तावकको योगदान रु. | निर्देशनालयबाट अनुदान रु. | प्रस्तावकको योगदानको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |
| १५ | | | | | | | | |
| जम्मा रकम रु. | | | | | | | | |
| VAT रकम रु. | | | | | | | | |
| कुल जम्मा रकम रु. | | | | | | | | |

नोटः उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु/छौं । कहिं कतै झुठो ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँद छु/छौं ।

प्रस्तावक साझेदार संस्थाको तर्फबाटः

नामः

पदः

हस्ताक्षरः

मितिः

संस्थाको छापः

मा. दावा दोर्जे लामा

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -६

(दफा १७ को उपदफा (१) को खण्ड ज सँग सम्बन्धित)

<u>साझेदारीमा नमूना गाईपालन कार्यक्रमका लागि न्यूनतम मापदण्ड</u>

१. साझेदारीमा नमूना गाईपालन कार्यक्रम दुग्ध सहकारी/ नीजि क्षेत्र मार्फत सञ्चालन गरिनेछ ।

२. सहकारी संस्थासँग ७५ दुहुना गाई हुनु पर्नेछ ।

३. सहकारी सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ ।

४. नीजि क्षेत्रको हकमा ७५ वटा दुहुना गाईपालन गर्नु पर्नेछ ।

५. साझेदार संस्थाले गोठ निमार्णको लागि आवश्यक डिजाईन/लागत ईस्टिमेट पेश गरेको हुनु पर्नेछ ।

६. नमूना गोठको नापः (नमूनाको लागि मात्र)

| क्र.सं. | विवरण | नाप(लम्बाई*चौडाई) |
|---|---|---|
| १. | भुइको क्षेत्रफल (प्रति गाई) | १.५-१.७मी *१.०-१.२मी =१.५-२.०४ वर्ग मी |
| २. | नालीका चौडाई | ३० से.मी. |
| ३. | दानाको डुँडको पिंधको भित्री चौडाई | ४० से.मी. |
| ४. | पानीको डुँडको लम्बाई | ३५ से.मी. |
| ५. | बाटो | ४-५ फिट |

<u>नोटः</u> आफ्नो आवश्यकता अनुसार डिजाईन गर्न सक्ने छन् ।


७. विभिन्न उमेरका गाईलाई आवश्यक क्षेत्रफलः (नमूनाको लागि मात्र)


| पशुको किसिम | क्षेत्रफल (वर्ग फिट) | | दाना खाने डुँड/ पशु (इन्च) |
|---|---|---|---|
| | छोपिएको क्षेत्र | खुल्ला क्षेत्र | |
| गाई | २०-३० | ८०-१०० | २०-२४ |
| कोरली/बहर | १५-२० | ५०-६० | १५-२० |
| ब्याउने गाई | १००-१२० | १८०-२०० | २४-३० |
| साढे | १२०-१४० | २००-२५० | २४-३० |

<u>नोटः</u> आफ्नो आवश्यकता अनुसार डिजाईन गर्न सक्ने छन् ।

मा. दावा दोर्जे लामा
मन्त्री

८. गोठको नाप,परिमाण तथा डिजाइन (नमूनाको लागि मात्र)




नोटः आफ्नो आवश्यकता अनुसार डिजाईन गर्न सक्ने छन् ।



मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -७

(दफा १० को खण्ड (क) सँग सम्बन्धित)

प्रस्ताव छनौटका लागी मुल्याङ्कनका आधारहरु:

१. जिल्ला:
२. आवेदक संस्थाको नाम:
३. कार्यक्रम सन्चालन स्थलको ठेगाना:
४. प्रस्तावित कार्यक्रमको नाम:
५. मूल्याङ्कनका आधारहरु:

| क्र.सं. | विवरण | भार | प्रासाङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | ३० | | |
| १.१ | सडक सुविधा भएको | ४ | | स्थानिय तहको सिफारिस |
| १.२ | बिजुली सुविधा भएको | ३ | | |
| १.३ | पानीको सुविधा भएको | ३ | | |
| १.४ | जग्गाको स्वामित्व | २० | | |
| १.४.१ | आफ्नै भएको | २० | | प्रमाण देखिने कागजात |
| १.४.२ | सेयर होल्डरको नाममा जग्गा भएको | १८ | | |
| १.४.३ | लिज मा लिएको | १६ | | |
| २ | गाईको संख्या | २० | | |
| २.१ | १०० भन्दा बढि | २० | | |
| २.२ | ९१ देखि १०० सम्म | १६ | | |
| २.३ | ७५ देखि ९० सम्म | १२ | | |
| ३. | जैविक सुरक्षाको अवस्था | १० | | |
| ३.१ | उत्तम | १० | | गोठमा दुर्गन्ध रहित, मलमुत्र तथा फोहोर व्यवस्थापन र तार वार गरिएको |
| ३.२ | राम्रो | ७ | | |
| ३.३ | सामान्य | ५ | | |
| ४. | घाँस खेति तथा आहारा व्यवस्थापन हुने सुनिश्चतता | ५ | | |
| ५. | पशु बिमा | ५ | | |
| ५.१ | ५०% भन्दा माथी विमा गरेको | ५ | | |
| ५.२ | ५०% सम्म विमा गरेको | ३ | | |
| ६ | वित्तिय क्षमता (साझेदारीको प्रतिबद्धता सामेल भएको) | ५ | | Letter of intent from bank वा bank balance sheet |



मा. दावा दोर्जे लामा
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ७ | रोजगारीको अवस्था | ५ | | |
| ७.१ | ५ जना भन्दा बढि | ५ | | |
| ७.२ | ५ जनासम्म | ३ | | |
| ८ | स्विकृत कार्यविधि अनुसारको थप आधारहरु | २० | | |
| ८.१ | प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर | १० | | |
| ८.१.१ | प्राविधिक प्रस्ताव गुणस्तर | ५ | | |
| ८.१.२ | आर्थिक प्रस्ताव गुणस्तर(डिजाईन/ईस्टिमेट) | ५ | | |
| ८.२ | B/C ratio, IRR, Payback period को आधारमा उपयुक्तता र दिगोपन (वित्तिय विश्लेषण) | १० | | |
| | जम्मा | १०० | | |

नोटः मूल्याङ्कनको क्रममा न्यूनतम ५० अङ्क भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नु पर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अङ्क प्राप्त गर्नेलाई सिफारिस गर्नु पर्नेछ । साथै समान अङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाई प्राथमिकता दिइने छ ।

६. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः

क)

ख)

ग)

घ)

७. स्थलगत अनुगमन टोलीको रायः

| क्र.सं. | पद | राय दिनेको नामथर | राय | | | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | हुन्छ | सुझाव सहित हुन्छ | हुदैन | |
| १ | | | | | | |
| २ | | | | | | |

नोटः हुन्छ/ सुझाव सहित हुन्छ/ हुदैन भन्ने स्पष्ट कारण दिनु पर्नेछ । कारणहरुः

१.

२.

३.

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -८
(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)
## द्विपक्षिय सम्झौता पत्र

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडा आ.व. ... ... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत दुग्ध सहकारी/ निजि व्यवसायीसँगको लागत साझेदारीमा नमूना गाईपालन कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी मिति ... ... ... गतेको ... ... ... राष्ट्रिय/स्थानीय पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ... ... ... ... को प्रस्ताव छनौट भएको हुँदा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडा (यसपछि प्रथम पक्ष भनिने) र श्री ... ... ... ... ... ... ... ... ... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी द्वि-पक्षिय सम्झौता गरी बुझिलियौं/ दियौं।

तपशिल

(१) प्रथम पक्षले लागत साझेदारीमा नमूना गाईपालन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यक्रमको लागि कुल लागत रु. ... ... ... ... ... ... मध्येको १ प्रतिशत कन्टिन्जेन्सी रकम कट्टा गरी दोस्रो पक्षलाई रु. ... ... ... ... ... ... (अक्षेरुपी रुपैंयाँ ... ... ... ... ... ... ... ... अनुदान/ सामग्री सहयोग प्रदान गर्नेछ ।

(२) दोश्रो पक्षले आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट/ प्यान बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरेमा वा सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग विल तथा कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव देखेमा दुई किस्तामा वा दोश्रो पक्षले सम्पूर्ण कार्य आफ्नै लगानीमा सम्पन्न गरेमा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी प्रथम पक्षले बैङ्कखाता मार्फत गर्नेछ ।

(३) दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव-पत्र अनुसारको डिजाईन, ईष्टिमेट र सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

(४) कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

(५) प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह/सुझाव दिन सक्नेछ ।

(६) दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(७) कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सवै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

मा. दावा दोर्जे लामा

(८) दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको मासिक प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(९) दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव-पत्र अनुसारको डिजाइन, ईष्टिमेट र दरभाउ मेसिनरी उपकरण र अन्य सामानहरु खरीद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समयभित्र सम्मन्न गर्नु पर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

(१०) दोश्रो पक्षले नमूना गाईपालन कार्यक्रम अधुरो छाडी कार्यक्रमको दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपर गर्नेछ ।

(११) कार्यक्रम सञ्चालनका दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

(१२) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

| <u>दोस्रो पक्षको तर्फबाटः</u> | <u>प्रथम पक्षको तर्फबाटः</u> |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | निर्देशनालयः |
| संस्थाको छापः | निर्देशनालयको छापः |

<u>रोहवर</u>

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | निर्देशनालयः |
| संस्थाको छापः | निर्देशनालयको छापः |

**इति सम्वत् ... ... ... ... साल ... ... ... महिना ... ... गते रोज ... शुभम् ।**